आर्थिक वर्ष २०८२/८३ को

# बजेटमा समावेश हुनुपर्ने समष्टिगत सुझाव

नेपाल उद्योग परिसंघ

बैशाख २६, २०८२


स्वदेशी
हाम्रो सामान, हाम्रै स्वाभिमान

# समावेश विषयहरू

- **वर्तमान आर्थिक अवस्था**
- **नीतिगत सुझाव**
- **क्षेत्रगत सुझाव**
  - *औद्योगीकरण, निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन*
  - *पूर्वाधार विकास*
  - *उर्जा*
  - *पर्यटन*
  - *सूचना प्रविधि*
  - *कृषि*
- *राष्ट्रिय स्टार्टअप इनक्यूबेसन सेन्टर*
- ***अनुसूची तथा विस्तृत तिन महले खण्ड***

स्वदेशी
हाम्रो सामान, हाम्रै स्वाभिमान

# वर्तमान आर्थिक अवस्था




Source : NSO

Economic Situation after Policy Intervention

# वर्तमान आर्थिक अवस्था

- बैंकिंग प्रणालीमा तरलता : ६ खर्ब ५७ अरब
- कर्जाको ब्याजदर (क वर्ग ) : ८.४०%
- विनियोजित पूँजीगत खर्च मध्ये १० वर्षमा औसत जम्मा ६६.७०% मात्र खर्च भएको,
  - पूँजीगत खर्च पहिलो ९ महिनामा यो **२९.२%** मात्र खर्च
- वैदेशिक मुद्रा संचिति ( वस्तु तथा सेवा ) : **१४.३** महिना ( लक्ष्य ७ महिना )
- २०७१/७२ मा बजेट **६१८** अरब र GDP **२४२३.६४** अरब रहेको, २०८१/८२ मा बजेट **१८६०.३०** अरब र GDP **६१०७** अरब भएको, १ दशकमा बजेट र GDP को अनुपात २५.५०% बाट बढेर ३०.४६% भएको
- विगत १५ वर्षको कर राजस्वको औसत बृद्दी १५.५४% छ भने औसत मुद्रास्फिति ७.०७% छ,

# वर्तमान आर्थिक अवस्था

- विगत तिन वर्षमा भएका नीतिगत हस्तक्षेपले लगानीको वातावरणमा नकारात्मक असर गरेको
    - मुद्रास्फिति, निजि क्षेत्रमा जाने ऋण घटाउने र विदेशी मुद्रा संचिति बढाउने नीतिको कारण समग्र मागमा कमी आएको
    - चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९
    - Asset Classification Guideline
- अर्थतन्त्रमा समग्र मागमा कमि आएको *( विगत १९ महिनाको समयावधिमा १० महिनामा नेपलको मुद्रास्फिति भारतको भन्दा कम हुनु, Deflationary Pressure भएको र यसले समग्र मागमा कमि आएको प्रमाणित गर्छ )*
- वैदेशिक विनिमय संचिति २४०९.२५ अरब, १४.३ महिनाको वस्तु तथा सेवा आयातको लागि पर्याप्त, यसले ठुलो मात्रामा मौद्रिक संचिति निष्क्रिय रहेको बुझाउँछ
- नीतिगत अस्थिरता, Policy Rollback, Unpredictability of Policies
- कोभिड पश्चात् ६ देखि ७ प्रतिशतमा पाएको ऋण केन्द्रीय बैंकको संकुचित नीतिले छोटो समयको अन्तरालमा १३-१४% हुँदा लगानीकर्ता हतोत्साहित भएको
- यसले गर्दा लगानीकर्ताको मनोबलमा कमी : हाल ऋणको औसत ब्याज एकल अंकमा आएको र बैंकिंग प्रणालीमा ६ खर्ब ५७ अरब भन्दा बढी लगानी योग्य पुँजी भएता पनि लगानी नगरिरहेको,

# यो अवस्थामा कसरी आइपुग्यौ

- नीतिगत अस्थिरता
- **नीति प्रेरित मन्दी** (व्यवसाय प्रतिकुल नियमकीय प्रावधानहरुको असर) :-
    - समग्र मागमा गिरावट
    - उद्योगहरू बन्द हुदै गएको
        - रोजगारीको अवसर गुम्दै गएकोले युवाहरु रोजगारीको लागि पलायन *( हाल मु.अ.क. Non-filing धेरै बढेको)*
    - सहकारीको समस्या
    - यो Chain Effect ले समग्र बैंकिंग प्रणालीमा नै असर पुग्ने सम्भावना
- आयात हुने वस्तुहरु धेरै जस्तो **Gray Market** बाट नेपाल भित्रिन थालेको

# Policy Intervention


**मौद्रिक नीति २०७८/७९ (२०७८ साउन २९ )**

- सेयर धितो कर्जा **४ र १२ करोड** को सीमा कायम
- अर्धवार्षिक समिक्षा (२०७८ फागुन ५): जोखिम भार बढाउने घोषणा
  - २०७८ फागुन ११ : सेयर धितो, हायर पर्चेज, Personal OD, Real Estate कर्जामा १५०% र TR कर्जामा १२०% जोखिम भार कायम

**मौद्रिक नीति २०७९/८० (२०७९ साउन ६ )**

- CRR १% वृद्धि गरी ४% कायम गरिएको
- बैंकदर , नीतिगत दर र निक्षेप संकलन दर **१.५%** ले वृद्धि गरी **८.५%,७% र ५.५%** गरिएको
- घर जग्गा धितो राखी लिने ऋण Fair Market Value को काठमाडौं उपत्यका भित्र ३०% र बाहिर ४०% कायम गरिएको
- २५ लाख भन्दा माथिको सेयर धितो कर्जामा जोखिम भार १५०% गरिएको
- सेयर धितो कर्जा **१२ करोड** को सीमालाई निरन्तरता


# Overall Business Performance




*Source: CNI ISR Survey*

- Economy is Recovering
  - Capacity utilization : 61.86%
  - Growth in Demand : 4.61%
  - Growth in Revenue  2.52%.

# Private Sector Credit to GDP Ratio





*Source: NRB* **Upto Falgun*

- Private Sector Credit to GDP Ratio is declining

# BFIs Credit in Production


Low investment of BFIs in Production Sector




* Upto Falgun

Source : NRB

# Interest Rates ( Weighted Average)





Source: NRB *Based on first 8 month


- Interest Rate is not only factor of Investment.
- Policy stability is major factor

# Black Listed Borrowers & NPL

- Number of blacklisted borrowers is growing massively
- 3723.81% growth in 10 years





***Source: CIB Nepal*** ****upto Chaitra***




Source : NRB

# Public Debt





Source : PDMO *Until Falgun

In 10 Years Public Debt Increased by : **383.47%**

FY 2080/81 :

- Targeted Capex : **302.07 Bn**
- Realized : **191.73 Bn**
- Debt Servicing (P&I) : **305.37 Bn**


# Forex Reserve




Source: NRB

- High Forex Reserve due to slowdown in the economy, migration for employment purpose
- 2078/79 Baisakh : 6.6 Month
- 2081/82 Falgun: 14.3 Month

# Inflation : Nepal Vs India




*Source: NRB*

Deflationary pressure due to low aggregate demand.

# अर्थतन्त्रमा रहेका विद्यमान चुनौतीहरू

- निजि क्षेत्रप्रति कर्मचारीतन्त्रको सोच सकारात्मक नहुनु
- अर्थतन्त्रको समग्र मागमा आएको कमी
- उत्पादन क्षमताको न्युन उपयोग
- निजी क्षेत्रको घटेको मनोबल
- राजस्व संकलनमा कमी
- बैकिंग क्षेत्रमा लगानीयोग्य पुँजीको संचिति
- नयाँ लगानी अत्यधिक न्युन

# परिसंघको सुझाव संकलनको विधि

- **६४+** — Individual industry member suggestion
- **२२** — CNI Council/ Committees
- **५४** — CNI National Council Members
- **१४+** — Province and District Consultation
- **९** — Annexure
- **१५३** — Policy and Sectoral Suggestions
- **३७६** — Details in the Accompanying 3 Columnar Document

# आगामी दश वर्षका लागि लगानी वर्ष घोषणा

- अर्थतन्त्रको हालको शिथिलताबाट बाहिर निष्किनका लागि तथा **अर्थतन्त्रलाई चलायमान बनाउन** को लागि **व्यापक मात्रामा लगानी आवश्यक** छ,
- लगानी (विदेशी वा स्वदेशी) आकर्षण गर्न **उत्पादन मुलक उद्योगहरू** को नाफामा लाग्ने आयकरको दर क्रमश कम गर्दै **१०%** कायम गर्ने ।
- हाल निरुत्साहित उद्योगी र व्यवसायीको मनोबल बढाउनको लागि सरकारले **पूँजीगत खर्च उल्लेख्य रुपमा बढाउनुपर्ने** साथै निजी क्षेत्रबाट हुने **लगानीका लागि वातावरण बनाएर प्रोत्साहन गर्नु आवश्य**क छ,

## लगानी प्राथमिकताका क्षेत्रहरू

- नयाँ उद्योग तथा औद्योगिक क्षेत्र
- डिजिटल अर्थतन्त्र तथा सूचना प्रविधि
- उर्जा
- Connectivity (Road, Rail, Air, Water, Digital)
- वित्तिय नवीनता (Financial Innovation)
- पर्यटन, शहरी तथा औद्योगिक पूर्वाधार
- कृषि तथा जडिबुटी
- शिक्षा तथा स्वास्थ्य
- प्राकृतिक श्रोतको उपयुक्त तथा दीगो उपयोग

# बजेटले जोड दिनुपर्ने विषय

- **वस्तुगत औद्योगिक विकास रणनीति बनाउनु पर्ने**
- कर प्रणालीमा सुधार :
    - मूल्य अभिबृद्धि करलाई बहुदरको (०, ५, १३ तथा १८) बनाउनु पर्ने
    - एकै स्थानबाट सबै कर संकलन गर्ने व्यवस्था गरिनुपर्ने
    - कर प्रणाली तथा प्रशासनको पुन:संरचना
- अनाधिकृत आयात तथा व्यापार व्यवस्थापन
    - खुल्ला सिमाना
    - बजार अनुगमन
    - भन्सार सन्दर्भ पुस्तिकाको अभ्यास खारेज
- गुणस्तर प्रवर्द्धन तथा गुणस्तरीय वस्तु आयात
    - कम्तिमा १०० वटा गुणस्तर मापदण्ड बनाई आयातमा अनिवार्य लागू गरिनु पर्ने
    - NS र BIS को समक्षता

स्वदेशी वस्तु उपभोगको अभियान

- पोर्टल निर्माण तथा संचालन
- सार्वजनिक खरिद ऐन संसोधन

- प्राकृतिक सम्पदाहरूको दीगो तथा उपयुक्त उपयोग
    - वनजन्य, खानीजन्य, नदीजन्य वस्तुहरूको दीगो तथा उपयुक्त उपभोग नीति
- कानुनमा संशोधनः
    - आयकर ऐन, २०५८ को दफा ५७ र ९५क. को दोहोरो कर हटाउनुपर्ने
    - अग्रिम जमानत
    - Decriminalization of Corporate Laws
    - भुक्तानी सुरक्षण सम्बन्धि व्यवस्था
- Center for Industrial Excellence & Innovation Center

# नीतिगत सुझाव

- **नीतिगत स्थिरताः** कम्तिमा १० वर्षसम्म स्थिर हुनु पर्ने
- आत्मनिर्भर तर्फ अग्रसर तथा **आयात प्रतिस्थापन** गर्ने उद्योगहरूको संरक्षण गर्ने नीति
    - छिमेकी मुलुक भारतमा जस्तै उत्पादन, आयात प्रतिस्थापन, निर्यातको आधारमा Production Linked Incentive(PLI) दिने
- निजी क्षेत्रलाई **औद्योगिक क्षेत्र** स्थापना तथा संचालन गर्न अनुमति दिनुपर्ने
- विशिष्ठिकृत ऐनहरूले दिएको **सुविधा** आयकरले स्वत दिनुपर्ने व्यवस्था
- **तयारी वस्तु**मा लागेको भन्सार भन्दा सो वस्तु उत्पादन गर्न प्रयोग हुने **कच्चा पदार्थ**मा लाग्ने भन्सार कम्तिमा एक तह कम हुने विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी कार्यन्वयन ( औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २५ को उपदफा (घ) ), साथै यो व्यवस्था **कम्तिमा दुई** तहको गरिनु पर्ने
- विदेशमा लगानी गर्न **प्रतिबन्ध** लगाउने ऐन, २०२१ खारेज गरी "विदेशमा गरिने लगानी **नियमन** गर्ने ऐन" जारी गरिनु पर्ने
- '**रिमोट वर्क**', '**डिजिटल नोम्याड**' तथा **रिटायरमेन्ट भिसा**को नीति तर्जुमा गरी लागू गरिनु पर्ने ।
- खानी तथा खानी उत्खननस्ंग सम्बन्धीत स्पष्ट र प्रभावकारी नीति बनाउनु पर्ने (ढुङ्गा, गिट्टी र बालुवाको आन्तरिक उपभोग तथा निर्यातको नीति )

# औद्योगीकरण, निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन

- स्विकृत भएको उद्योगको आफ्नो परियोजना वा स्किममा उल्लेख गरेसम्मको जग्गामा हदबन्दी नलाग्ने वा हदबन्दिसंग सम्बन्धित कुनै पनि प्रावधान लागू नहुने स्पष्ट व्यवस्था गरिनु पर्ने ।
- नेपालले SAFTA मा उपलब्ध गराएका **SAFTA Sensitive list** परिमार्जन गर्न पहल गर्नुपर्ने
- निर्यातकर्ता उद्योगले पाउने ड्युटी ड्रब्याक तत्काल अन्य भुक्तान गरिनु पर्ने वा यसलाई क्रेडीटका रुपमा उद्योगले अन्य भुक्तानीहरूमा समायोजन गर्न पाउने व्यवस्था कायम गरिनु पर्ने ।
- मुलुकमै गुणस्तरीय उत्पादन गर्न सक्षम भइ सकेका वस्तु सरकारी निकायहरूको सिफारिसमा सुविधामा आयात गर्न रोक लगाउनु पर्ने वा त्यस्तो सुविधा स्वदेशी उद्योगले समेत प्राप्त गर्न पाउने व्यवथा गरिनु पर्ने,
- उद्योगले आफ्नो कच्चा पदार्थ तथा प्याकेजिङ्ग मटेरियल्समा भुक्तान गरेको अन्तःशुल्क क्रेडिट/ मिलान गर्न पाउने व्यवस्था कायम गरिनु पर्ने ।
- आयात गरिएका वस्तुहरूमा लेवल लगाउनुपर्ने व्यवस्था भन्सार जाँचपास हुनु अगावै कायम गरिनुपर्ने । लेवल नलागेका वस्तुहरूको आयात हुन नदिन भन्सार विन्दुमा कडाइ गरिनूपर्ने ।

# पूर्वाधार विकास

पूर्वाधार विकासको नीतिगत तथा कार्यगत सुधारका काम गर्ने गरी **Infrastructure Development Authority** स्थापना गरिनुपर्दछ । यस्तो प्राधिकरणको संचालनमा निजी क्षेत्रको प्रतिनिधित्वको सुनिश्चितता हुनुपर्दछ ।

नेपालको पूर्वाधार क्षेत्रको दीगो विकासका लागि कम्तिमा २० देखि ३० वर्षको **'राष्ट्रिय पूर्वाधार गुरुयोजना'** तयार गरि लागू गरिनु पर्ने ।

सार्वजनिक खरिद ऐन, २०६३को दफा २५ मा व्यवस्था भएको **न्युनतम बोल अंक कबुल गर्ने बोलपत्रलाई कायम गर्नु पर्ने हालको व्यवस्था** मा Performance Bond, **गुणस्तरीय कामको सुनिश्चितता, विगतमा भएका कामहरूको परिक्षण मुल्याङ्कन तथा काम सम्पन्न भए पश्चातको मर्मत सम्भारको सुनिश्चितता** आदिलाई समेत आधार बनाई परियोजना ठेक्का लगाउने व्यवस्था कायम गरिनु पर्दछ।

- ICB मा अन्तराष्ट्रिय बोलपत्रदातालाई कर नलाग्ने र सोहि विडीङमा स्वदेशी बोलपत्रदातालाई कर लाग्ने गरेकोमा स्वदेशी बोलपत्रदातालाई समेत यस्तो सुविधा प्राप्त हुनु पर्ने ।
- सार्वजनिक निजी साझेदारीका नविन तथा प्रचलनमा आईसकेका **Hybrid Annuity Model (HAM), Value Gap Funding (VGF), Value Capture Model (VCM), Minimum Revenue Guarantee (MRG), Asset Monetization** जस्ता लगानीका मोडलहरूको प्रयोग गरी ठुला पूर्वाधार जस्तै विमान स्थल, हाईवे जस्ता परियोजनाहरू निजी क्षेत्रबाट निर्माण गर्न प्रोत्साहन गर्नु पर्ने ।

# उर्जा

- उद्योगलाई आवश्यक ऊर्जा उत्पादन गरी **ह्विलिङ्ग चार्ज** लगाई प्रसारण गर्न दिने नीतिलाई कार्यान्वयन गर्न कार्यविधि तर्जुमा गरी लागू गरिनु पर्दछ ।

- नेपालको **निजी क्षेत्रलाई विद्युत उत्पादनका साथै विद्युत प्रसारण, वितरण तथा विद्युत व्यापार गर्न अनुमति** प्राप्त हुने गरि वर्तमान ऐनमा संशोधन गरिनु पर्दछ।

- नेपाल सरकारबाट स्विकृती लिई सर्भे सम्पन्न गरिसकेका र विद्युत खरिद सम्झौता हुन बाँकी सबै परियोजनासँग **विद्युत खरिद सम्झौता (PPA)** सम्पन्न गरिनु पर्दछ।

- नेपाल **विद्युत प्राधिकरणको पुनरसंरचना** गरि विद्युत उत्पादन, प्रसारण तथा वितरण फरक फरक निकायहरूबाट गर्ने नीतिगत व्यवस्था कायम गरिनु पर्ने।

- **वैकल्पिक उर्जा**को प्रवर्द्धन गर्न तथा उद्योगको उर्जाको लागत कम गर्न सोलार उर्जामा परिवर्तन हुन चाहने उद्योगहरूलाई सहुलियत दिनु पर्ने ।

# पर्यटन

नेपाललाई **अन्तराष्ट्रिय चलचित्र छायाँकन गन्तब्यका रुपमा विकास गरिनु पर्ने** । यसका लागि ड्रोन, छायाँकन संग सम्बन्धित उपकरणहरू ल्याउने, छायाँकन गर्ने लगायतमा आवश्यक विभिन्न अनुमतिहरू एक द्वार प्रणालीबाट प्राप्त हुने व्यवस्था कायम गरिनु पर्ने ।

- तारे होटलहरुको लागि उद्योग सरहको विद्युत महसुल दर, डिमान्ड चार्ज र टिओडी मिटर अनुसार हुनेगरी व्यवस्था गर्नुपर्ने ।
- नेपाल आउने पर्यटकहरूको प्रवेशाज्ञा जारी गर्ने सहज र सरल व्यवस्था गर्ने। पूर्ण रूपमा अनलाइन प्रणालीबाट प्रवेशाज्ञा शुल्क तिर्न सक्ने व्यवस्था गर्ने।

- **नागरिक उड्डयन प्राधिकरणलाई पुनरसंरचना** गरी नियामकीय तथा सेवागत कार्यहरू अलग अलग निकायले संचालन गर्ने कानुनी व्यवस्था तत्काल अगाडि बढाउनु पर्ने ।
- सञ्चालनमा नरहेको आन्तरिक विमानस्थललाई निजी क्षेत्रसँगको सहकार्यमा अन्तर्राष्ट्रिय उड्डयन तालिम तथा प्याराग्लाइडिङ् जस्ता साहसिक र मनोरञ्जन पर्यटन प्रवर्द्धनमा उपयोग गर्ने।

- एक नेपाली परिवारले वार्षिक **१ लाखसम्मको** आन्तरिक पर्यटन तथा भ्रमणमा गरेको खर्च करयोग्य आयबाट कट्टी गर्न पाउने व्यवस्था कायम गरिनुपर्ने ।
- हवाई जाहाजको खरिद, पाटपुर्जाको खरिद लगायत हवाई टिकटमा लगाइएको **मूल्य अभिबृद्धि कर** हटाईनुपर्ने ।
- हाल संचालनमा रहेको त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलको यात्रु व्यवस्थापन क्षमता (Passenger Handling Capacity) पूरा भई क्षमता भन्दा निकै धेरै यात्रु व्यवस्थापन गरिरहेको अवस्थामा तत्काल विकल्पको रुपमा निजगड अन्तराष्ट्रिय विमानस्थल निर्माण गरिनु पर्ने ।

# सूचना प्रविधि

- **डिजिटल भुक्तानी** मा लागेको **मुअ कर खारेज** गरिनु पर्ने

- सुचना प्रविधि सम्बन्धी शिक्षा अध्ययनका लागि विभिन्न विश्वविद्यालयहरू अन्तर्गत विभिन्न कलेजहरूको लागि तोकिएका विद्यार्थी कोटा हटाईनुपर्ने
- नेपाली युवाहरूलाई **Google Certified, Microsoft Certified कोर्षहरू** पुरा गर्न प्रोत्साहन गरिनु पर्ने ।

- सार्वजनिक निजी साझेदारीमा **IT Park** स्थापना गर्नु पर्ने ।
- सूचना प्रविधिमा आधारित उद्योग/व्यवसायलाई छिमेकि मुलुक बंगलादेशमा जस्तै
    - सुरुको १० वर्षका लागि आयकर छुट हुनु पर्ने ।
    - त्यसपछिको ३ वर्ष २५% आयमा मात्र कर लाग्ने
    - त्यसपछिको ३ वर्ष ५० % आयमा मात्र कर लाग्ने

- सरकारले नियमन गर्ने गरी **Data Mining** गर्न प्रोत्साहन गरिनु पर्ने ।
- प्रमुख शहरहरुमा सरकारी लगानीमा **वर्किङ सेन्टर** स्थापना गर्ने।

# कृषि

- कृषिको व्यावसायिकरण गर्न कृषि तथा वन पैदावरमा आधारित उद्योगहरुलाई लाग्ने आयकर आगामी १० वर्षसम्मका लागि छुट हुनुपर्ने ।
- कृषि वस्तुको आयात अनुमतिपत्र जारी गर्ने व्यवस्था कायम गर्ने र सम्बन्धित निकायबाट त्यसको अनुगमन गरिनु पर्ने ।
- Agriculture Excellence Center को स्थापना गरिनुपर्ने
- नेपाल सरकारले नेपालमा उत्पादन भएका कृषि लगायत जडीबुटीहरूको अन्तराष्ट्रिय वजारले माग गर्ने प्यारामीटरहरू लगायत गुणस्तर परिक्षण गर्न सक्ने प्रयोगशाला निर्माण गर्ने तथा सो प्रयोगशालाको **अन्तराष्ट्रिय सम्बन्धन (MRA) तथा Accreditation लिनुपर्ने** ।
- नेपालमा आयात हुने तरकारी, फलफुल, मासुजन्य तथा दुग्ध जन्य कृषि उत्पादनमा क्रमश गुणस्तर तथा **SPS परिक्षण गर्ने व्यवस्था** कायम गरिनु पर्ने।
- प्रमुख प्रमुख कृषि बालीहरू, धान, मकै, गहुँ, चिया र अलैँचीको लागतका आधारमा प्रत्येक वर्ष सो बाली लगाउने सामान्य समयको कम्तीमा पन्ध्र दिन पहिले राष्ट्रिय समर्थन मूल्य तोक्ने।
- निजी क्षेत्रलाई रासायनिक मलको सट्टामा उपयोग हुने (Micro Nutrients) आयात गर्न अनुमति दिइ प्रतिस्पर्धि मुल्यमा विक्रि वितरण गर्न दिने नीतिगत व्यवस्था कायम गरिनुपर्ने ।
- इथानोलको प्रयोग गर्ने नीति अवलम्बन गरी यसको प्रयोग सम्बन्धी कार्यविधि बनाई लागू गरिनुपर्ने ।

# अन्य विषय

- बीमाको प्रिमियम शुल्क प्रतिष्पर्धात्मक रुपमा बजारमा निर्धारण हुने व्यवस्था गरी बीमाको दायरा बढाउने । Tariff प्रणालीलाई निरुत्साहित गर्ने ।
- सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार हुने व्यवस्था तुरुन्त शुरु गर्नु पर्ने ।
- EIA स्वीकृत भइसकेपछि परियोजनालाई आवश्यक वन क्षेत्र प्रयोग गर्न सिधा अनुमति प्रदान गर्ने व्यवस्था गर्ने।

# आयकर

- व्यक्तिगत **आयकर अधिकतम ३० प्रतिशत** गरिनुपर्ने साथै छुटको रकमको सीमा कम्तिमा ८ लाख गरिनु पर्ने ।
    - यसले खर्चयोग्य आम्दानीमा वृद्धि भई समग्र मागमा सुधार आउने
- मुलुकलाई अत्यन्त आवश्यक रहेको ठुलो मात्राको लगानी (विदेशी वा स्वदेशी) आकर्षण गर्न उत्पादन मुलक उद्योगहरूको नाफामा लाग्ने आयकरको दर क्रमश कम गर्दै १०% कायम गर्ने ।
- **दफा ५७ र ९५क.**
    - **अस्वैच्छिक हक हस्तान्तरण** मा दफा ५७ लग्न नहुने ।
    - **बास्तबिक शेयर धनि (प्राकृतिक व्यक्ति**) परिबर्तन नभई आन्तरिक रुपमा हुने संरचना परिवर्तन (Restructuring) मा दफा ५७ लाग्नु नहुने ।
    - दफा **९५क लागेको** अवस्थामा दफा **५७ नलाग्ने** व्यवस्था कायम गरिनु पर्ने

# सन्दर्भ पुस्तिका

MRP

100

Discount

40%

Cost/Value
After Disount
(100-40)

60

Custom Duty
(15%)

9

Value After
Custom Duty
(60+9)

69

VAT 13%
(8.97)

8.97

Value After
VAT
(69+8.97)

77.97

Margin for all
Levels of
Supply Chain

22.0
3

# राष्ट्रिय स्टार्टअप इनक्यूबेसन सेन्टर

- **नेतृत्व र साझेदारी :** राष्ट्रिय स्टार्टअप इनक्यूबेसन सेन्टर (NSIC) को प्रस्ताव नेपाल सरकार, नेपाल उद्योग परिसंघ (CNI) र नेपाल प्राइभेट इक्विटी एसोसिएसन (NPEA) को सहकार्यमा।
- **राष्ट्रिय पहुँच:** सातै प्रदेशमा क्षेत्रीय हब र स्थानीय स्टार्टअप सेलमार्फत इनक्यूबेसन कार्यक्रम सञ्चालन गरी राष्ट्रव्यापी प्रभाव सुनिश्चित गर्ने।
- **प्राथमिक ५ वर्षको लक्षित प्रभाव**: ३०० भन्दा बढी स्टार्टअपलाई प्रवर्द्धन, २०००+ उच्च मूल्यका रोजगारी सिर्जना, र १ अरबभन्दा बढी लगानी (निजी, CSR, FDI) परिचालन गर्ने लक्ष्य।
- **सरकारसँगको अपेक्षित समर्थन:** सरकारको स्वीकृति र समन्वय, बीउपूँजी र संयुक्त पूँजी लगानीको अवसर , पूर्वाधारको सुविधा, नीतिगत सहजता र व्यवसाय सञ्चालनमा सहजीकरण।
- **स्टार्टअप Support System :** स्टार्टअपको लागि Structured Incubation र मेंटरशिप, बीउ पूँजीमा पहुँच, क्षेत्रगत स्टार्टअप समूह र लगानी तयारीमा सहयोग।

# आर्थिक वर्ष २०८२/८३ को

# बजेटमा समावेश हुनुपर्ने समष्टिगत सुझाव

नेपाल उद्योग परिसंघ

बैशाख २६, २०८२

स्वदेशी

हाम्रो सामान, हाम्रै स्वाभिमान